# सबैको लघुवित्त वित्तीय संस्था लि.
## Sabaiko Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था, राष्ट्रियस्तर कार्यक्षेत्र भएको)

**Head Office :**
Bandipur-1, Dumre, Tanahun
Phone: 065-580407/580427


# Unaudited Financial Results (Quarterly)

## As at the end of Third Quarter (30/12/2076) of the fiscal year 2076/77 (2019/2020)

Rs in '000'

| S. No. | Particulars | This Quarter Ending 2076-12-30 | Previous Quarter Ending 2076-09-29 | Corresponding Previous Year Quarter Ending 2075-12-30 |
|---|---|---|---|---|
| **1** | **Total Capital and Liabilities (1.1 to 1.7)** | **2,397,525** | **2,331,599** | **1,502,350** |
| 1.1 | Paid up Capital | 186,450 | 186,450 | 112,000 |
| 1.2 | Reserve and Surplus | 33,622 | 33,544 | 23,069 |
| 1.3 | Debenture & Bond | - | - | - |
| 1.4 | Borrowings | 1,531,207 | 1,515,611 | 1,009,657 |
| 1.5 | **Deposits (a+b)** | **610,038** | **563,535** | **336,574** |
| | a. Member | 610,038 | 563,535 | 336,574 |
| | b. Public | - | - | - |
| 1.6 | Income Tax Liability | 10,546 | 10,489 | 9,407 |
| 1.7 | Other Liabilities | 25,662 | 21,970 | 11,643 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **2,397,525** | **2,331,599** | **1,502,350** |
| 2.1 | Cash and Bank Balance | 40,729 | 40,342 | 14,065 |
| 2.2 | Money at Call and Short Notice | 292,585 | 308,037 | 26,878 |
| 2.3 | Investments | 40,000 | 80,000 | 20,000 |
| 2.4 | Loans and Advances | **1,990,221** | **1,872,608** | **1,415,670** |
| 2.5 | Fixed Assets | 19,136 | 17,949 | 16,287 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 14,854 | 12,663 | 9,451 |
| **3** | **Profit and Loss Account** | **Up to This Quarter** | **Up to Previous Querter** | **Up to Corresponding Previous Year Quarter** |
| 3.1 | Interest Income | 228,534 | 160,447 | 132,212 |
| 3.2 | Interest Expense | 144,309 | 92,800 | 81,812 |
| | ***A. Net Interest Income (3.1 - 3.2)*** | **84,225** | **67,648** | **50,400** |
| 3.3 | Fees, Commission and Discount | 1,774 | 1,093 | 1,240 |
| 3.4 | Other Operating Income | 43,458 | 30,724 | 37,491 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| | ***B. Total Operating Income (A + 3.3 + 3.4 + 3.5)*** | **129,457** | **99,465** | **89,131** |
| 3.6 | Staff Expenses | 54,581 | 38,469 | 33,102 |
| 3.7 | Other Operating Expenses | 19,608 | 13,877 | 12,839 |
| | ***C. Operating Profit Before Provision (B - 3.6 - 3.7)*** | **55,267** | **47,119** | **43,189** |
| 3.8 | Provision for Possible Losses | 16,207 | 8,270 | 8,697 |
| | ***D. Operating Profit (C - 3.8)*** | **39,060** | **38,848** | **34,492** |
| 3.9 | Non Operating Income/ Expenses (Net) | - | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | - | - | - |
| | ***E. Profit From Regular Activities (D + 3.9 + 3.10)*** | **39,060** | **38,848** | **34,492** |
| 3.11 | Extraordinary Income/ Expenses (Net) | - | - | - |
| | ***F. Profit before Bonus and Taxes (E + 3.11)*** | **39,060** | **38,848** | **34,492** |
| 3.12 | Provision for Staff Bonus | 3,906 | 3,885 | 3,136 |
| 3.13 | Provision for Tax | 10,546 | 10,489 | 9,407 |
| | ***G. Net Profit/ Loss (F - 3.12 - 3.13)*** | **24,608** | **24,475** | **21,950** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 10.91% | 11.53% | 10.13% |
| 4.2 | Non Performing Loan (NPL) To Total Loan | 1.57% | 0.85% | 0.19% |
| 4.3 | Total Loan Loss Provision to Total NPL | 110.05% | 166.76% | 549.39% |
| 4.4 | Cost of Funds | 10.26% | 10.76% | 9.88% |
| 4.5 | Credit to Deposit Ratio (Calculated as per NRB Directives) | 331.96% | 337.08% | 425.15% |
| 5 | Additional information(optional) | | | |

**Note :** * The above figures are subject to change upon otherwise instructions from Statutory Auditors & Supervising Authority.
* Operation started from Asadh 30, 2074

## Interest Rate

| Client Deposit : 5% - 8% | Loans & Advance : 14% - 18% |
|---|---|

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली,
## २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)
# आ.व. २०७६/०७७ को तेस्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण** :

(क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण** : यसै साथ प्रकाशित गरिएको छ ।

(ख) **प्रमुख वित्तीय अनुपातहरु** :

| प्रति शेयर आम्दानी (वार्षिकिकरण) | मुल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मुल्य | तरलता अनुपात प्रतिशत |
|---|---|---|---|---|
| १७।६० | ४०।२९ | ११८।०३ | १,२८५।८८ | २५।९८ |

२. **व्यवस्थापकीय विश्लेषण** :

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण** : विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को रोकथाम तथा नियन्त्रण गर्न नेपाल सरकारद्वारा जारी लकडाउनको कारणले गर्दा उक्त समयमा सदस्यहरु संग कुनै किसिमको आर्थिक कारोबार गर्न नसकेकोले संस्थाको वित्तीय विवरणमा असर परेको छ ।

(ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण** : राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको यस लघुवित्त वित्तीय संस्थाले स्थापनाको सुरु देखिनै वित्तीय पहुंच अभिबृद्धि गराई नेपालको गरिबी घटाउने, वित्तीय समावेशीकरण बढाउने उद्धेश्यले अघुवित्त सेवा प्रदान गर्ने अठोटका साथ अगाडी बढिरहेको छ । हाल देशका ५४ वटा शाखा कार्यालयहरु मार्फत ३१ जिल्लाहरुमा ३६,६९५ जना सदस्यहरुलाई गुणस्तरिय लघुवित्तीय कारोबार मार्फत सेवा दिदै आइरहेकोमा चालु आ.व. को चौथो त्रैमासमा देशको स्थिती सहज भएमा वित्तीय सेवाको पहुँच कम भएको स्थानमा थप शाखा विस्तार गरी संख्यात्मक साथै गुणात्मक रुपमा कार्यक्रम विस्तार गर्ने नीति रहेको छ ।

(ग) **विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्वीक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण** : विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को त्रासले देशमा भएको लकडाउनको कारणले संस्थाको आम्दानीमा असर पर्ने देखिन्छ । पछिल्लो समयमा लघुवित्त संस्थाहरुको संख्या बृद्धि हुँदै गएकाले कर्जामा दोहोरोपना आइ कर्जा गुणस्तरमा ह्रास आउने र कर्जा असूलीमा आउनसक्ने समस्यालाइ मध्यनजर गर्नु आवश्यक छ ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण** :

(क) यस त्रैमासिक अवधिमा संस्थाले वा संस्थाको बिरुद्ध कुनै मुद्दा दायर भएको छैन ।

(ख) यस संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको बिरुद्धमा प्रचलित नियम कानुनको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको बारे कुनै जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा संचालक बिरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण** :

(क) शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको ब्यबस्थापन शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ तर प्रचलित कानून अनुसार लगानीकर्ता तथा सम्वद्ध निकायहरुलाई उपलब्ध गराउनुपर्ने सूचना तथा जानकारी भने संस्थाले उपलब्ध गराएको छ ।

(ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसार गत त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको शेयरको कारोवार विवरण देहाय बमोजिम रहेको छ ।

| शेयरको अधिकतम मुल्य | शेयरको न्युनतम मुल्य | चैत्र मसान्तको अन्तिम मुल्य | कुल कारोबार भएको दिन | कूल कारोवार संख्या |
|---|---|---|---|---|
| १००० | ७०९ | ७०९ | ४६ | ४,११३ |

५. **समस्या तथा चुनौती** :

(क) विश्वब्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) ले पार्न सक्ने दूरगामी असर,

(ख) यस क्षेत्रमा देखिएको अस्वस्थ प्रतिष्पर्धा, दक्ष जनशक्तिको अभाव,

(ग) ग्राहक सदस्यहरुलाइ कर्जा लगानीका लागि आबश्यक पर्ने रकमको अपर्याप्तता,

(घ) अप्रत्यासित रुपमा आइपर्ने प्राकृतिक प्रतिकुल अवस्था ।

६. **संस्थागत सुशासन** :

(क) वित्तीय संस्थाले आफ्नो काम कारोवार चुस्त दुरुस्त छिटो छरितो एबं संस्थागत सुशासनका लागि सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम ब्यबस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति सुद्धिकरण अनुगमन समिति गठन गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्दै आएको छ ।

(ख) नेपाल राष्ट्र बैंकबाट लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशनहरुको साथै प्रचलित ऐनहरुः कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन, २०६३, आयकर ऐन २०५८ लगायतका सम्बन्धित ऐन र कानूनको परिपालना गरिएको छ ।

(ग) संस्थाको प्रबन्धपत्र नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा अपलेखन विनियमावली, कर्जा नीति, लगानी नीति, सम्पत्ति तथा दायित्व व्यवस्थापन नीति, बचत तथा कोष परिचालन नीति, ग्राहक पहिचान नीति, सूचना प्रविधि निर्देशिका, लेखा नीति, आन्तरिक लेखापरीक्षण निर्देशिका, नगद सञ्चालन निर्देशिका, ग्राहक पहिचान कार्यविधि तथा ग्राहक संरक्षण कोष सञ्चालन कार्यविधि आदि बनाई लागु गरिएको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** :

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म ब्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु, । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्तालाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएको छैन ।